आज मिति २०८०/०६ /११ गते बिहिबारका दिन समय ११:०० बजे यस देवताल गाउँपालिकाका अध्यक्ष श्री उदय प्रसाद यादव ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी तपसिलका निर्णयहरु गरियो।

उपस्थिती

| क.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री उदय प्रसाद यादव | अध्यक्ष | |
| २ | श्री सितापति देवी यादव | उपाध्यक्ष | |
| ३ | श्री अरुण कुमार सिंह | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | श्री मनरुदीन मिँया ठकुराई | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | श्री रामकिशोर प्रसाद कुशवाहा | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | श्री ललन कुमार यादव | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | श्री सुरेश प्रसाद साह | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | श्री संजय कुमार | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | श्री सतेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं.७ | |
| १० | श्री रामपुजन पंडित कुम्हार | कार्यपालिका सदस्य | |
| ११ | श्री किसुनदेव ठाकुर हजाम | कार्यपालिका सदस्य | |
| १२ | श्री सरस्वती देवी | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रभा देवी धोविन | कार्यपालिका सदस्य | |
| १४ | श्री ललिता देवी जैसवार | कार्यपालिका सदस्य | |
| १५ | श्री कान्ती देवी | कार्यपालिका सदस्य | |
| १६ | श्री नविन कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १. | श्री राजिव यादव | प्रशासन शाखा प्रमुख | |
| २. | श्री गजेन्द्र यादव | लेखा शाखा प्रगुख | |

प्रस्ताव नं. १: आ.व. २०८०/०८१ म मा.वि. विद्यालयहरुमा कोचिङ्ग संचालन सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा मा. वि. विद्यालयहरुको कोचिङ्ग संचालनका लागि विनियोजन भएको रकमबाट यस गाउँपालिकामा रहेको मा .वि. विद्यालयहरुको आवश्यकता तथा विद्यार्थीको मागँ बमोजिम आवश्यक कार्यहरुको विवरण सहित रकम बाडँफाडँ गरी तपसिल बमोजिमका रकम विद्यालयलाई जिम्मेवारी सहित रकम विनियोजन गरी कोचिङ्ग संचालन गर्ने निर्णय गरियो।

तपसिल

१.श्री ने.रा.मा.वि पिप्राढी –रु.२,००,०००।

२. श्री इन्द्रदेव मा.वि. अम्वा– रु.१,२५,०००।

३.श्री ने.रा.मि. रौवाही –रु.१,७५,०००।

प्रस्ताव नं.२ दसैं तथा दुर्गा पूजाामा आर्थिक व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाँउपालिकामा दसैं तथा दुर्गा पूजामा हुने तपसिल बमोजिमको कार्यक्रम तथा कार्यक्रम संचालन हुने स्थान सम्बन्धमा तपसिल बमोजिमको रकम सहयोग गर्ने निर्णय गरियो।

तपसिल

१.बडकी फुलबरिया उतर टोलमा लाग्ने दुर्गा पूजा को लागि रु.३०,०००।

२.बडकी फुलबरिया ब्रहम बाबा निर लाग्ने दुर्गा पूजा को लागि रु.५०,०००।

३.देवापुर चौकमा लाग्ने दुर्गा पूजाको लागि रु.१,००,०००।

४.वडा नं.३ कटहरियामा लाग्ने दुर्गा पूजा को लागि रु.३०,०००।

५. वडा नं.४ वडा कार्यालय निर लाग्ने दुर्गा पूजा को लागि रु.५०,०००।

६.वडा नं.४ बर्थिङ्ग सेन्टर निर लाग्ने दुर्गा पूजा को लागि रु.५०,०००।

७. धुराहामा लाग्ने दुर्गा पूजा को लागि रु.३०,०००।

८. रौवाही चौकमा लाग्ने दुर्गा पूजा को लागि रु.१,००,०००।

९.वडा नं.७ वडा कार्यालय निर लाग्ने दुर्गा पूजा को लागि रु.८०,०००।

त्यस्तै यस गाउँपालिकामा रहेका सुरक्षा निकायलाई दसैं तथा दुर्गा पूजाका लागि तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो।

तपसिल

१ देवताल प्रहरी चौकी रु.१५,०००।

२ दक्षिण झिटकैया प्रहरी चौकी रु. १५,०००।

३.सशस्त्र प्रहरी बल दक्षिण झिटकैया चौकी रु. १५,०००।

४.प्रहरी चौकी बेनौली रु.५,०००।

५. प्रहरी चौकी बसतपुर रु.५,०००।

६. प्रहरी चौकी तेलकुवा रु.५,०००।

७. प्रहरी चौकी सन्फुलवा रु.५,०००।

८. इलाका प्रहरी चौकी कवहीगोठ रु.५०००।

प्रस्ताव नं.३ वडा नं.७ को वडा कार्यालयको प्राङ्गन भित्र माटो पुर्ने बजेट व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा नं.७ को वडा कार्यालयको प्राङ्गन भित्र माटो पुर्ने कार्यको लागि रकम रु.२,००,०००। (अक्षरेपी दुई लाख) बजेट विनियोजन गर्ने तथा सो पुँजिगत तर्फको मर्मत सुधार तर्फबाट व्यवस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.४ धुराहा टोलमा हुने कुस्ती प्रतियोगिताको लागि आर्थिक व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा दसैंको अवसरमा धुराहा टोलमा हुने कुस्ती प्रतियोगिताको लागि रकम रु .२,२५,०००। (अक्षरेपी दुई लाख पचिस हजार मात्र) व्यवस्थापन गर्ने निर्णय गरियो। साथै रकम सो सम्बन्धी कार्य गर्ने आधिकारिक समिति वा समूह वा व्यक्तिलाई आवश्यक प्रक्रिया अपनाई भुक्तानी दिने निर्णय गरियो। साथै देवापुर झिटकैयामा दुर्गा पूजाको अवसरमा हुने कुस्ती प्रतियोगिताको लागि रकम रु.२,२५,०००। (अक्षरेपी दुई लाख पचिस हजार मात्र) व्यवस्थापन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.५ विविध सम्बन्धमा।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा विविध सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिमका निर्णय गरियो।

तपसिल

१.उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजको मिति २०८०/०४/१९ प.स. ०८०/०८१ च.न. ९०५ को व्यहोरा अवगत भई सो सम्बन्धमा फाइल राख्ने रयाक थान ५ र फाइल राख्ने दराज थान ५ सहयोग गर्ने निर्णय गरियो।

२.अगामी कार्यपालिका बैठक मिति २०८०/०६ /११ समय ५:०० गर्ने निर्णय गरियो।